कर्मातीत स्थितिका निशानीहरू

कर्मातीत स्थितिको समीप आइरहेका छौ। कर्म पनि वृद्धि भइरहेको छ। तर कर्मातीत अर्थात् कर्मको कुनै पनि बन्धनको स्पर्शदेखि न्यारा। यस्तो अनुभव बढिरहोस्। जस्तै म आत्माले यस शरीरद्वारा कर्म गरें, यस्तो न्यारापन रहोस्। न कार्यलाई स्पर्श गर्ने र गरेपछि जे रिजल्ट भयो– त्यस फललाई प्राप्त गर्दा पनि न्यारापन। कर्मको फल अर्थात् जुन रिजल्ट निस्कन्छ, त्यसको पनि स्पर्श नहोस्, बिल्कुलै न्यारापन अनुभव भइरहोस्। मानौं अरू कसैले गरायो र मैले गरें। कसैले गरायो र म निमित्त बनें। तर निमित्त बनेर पनि न्यारापन। यस्तो कर्मातीत स्थिति बढ्दै गएको छ, यस्तो अनुभव हुन्छ?

महारथीहरूको स्थिति अरूको भन्दा न्यारा र प्यारा स्पष्ट भइरहेको छ नि। जसरी ब्रह्मा बाबा स्पष्ट हुनुहुन्थ्यो, त्यसैगरी नम्बरवार तिमी निमित्त आत्माहरू पनि साकार स्वरूपबाट स्पष्ट हुँदै जान्छौ। कर्मातीत अर्थात् न्यारा र प्यारा। कर्म अरूले पनि गर्छन् र तिमीले पनि गर्छौ तर तिम्रो कर्म गराइमा अन्तर छ। स्थितिमा अन्तर छ। जे बित्यो, त्यसबाट न्यारा बन्यो। कर्म गरियो र त्यो कर्म गरेपछि यस्तो अनुभव हुन्छ मानौं केही गरेकै छैन। गराउनेवालाले गराउनु भयो। यस्तो स्थितिको अनुभव गरिरहन्छौ। हल्कापन हुन्छ। कर्म गर्दा पनि तनको पनि हल्कापन, मनको स्थितिमा पनि हल्कापन। कर्मको रिजल्टले मनलाई खिच्दैन। यस्तो स्थिति छ? जति कार्य बढ्दै जान्छ त्यति नै हल्कापन पनि बढ्दै जान्छ। कर्मले आफूतिर आकर्षित गर्दैन तर मालिक भएर कर्म गराउनेवाला गराइरहेको छ र निमित्त गर्नेवाला निमित्त बनेर गरिरहेको छ।

आत्माको हल्कापनको निशानी हो– आत्माका जुन विशेष शक्तिहरू छन् मन, बुद्धि, संस्कार– यी तीन नै यस्तो हल्का हुँदै जान्छन्, संकल्पले पनि बिल्कुलै हल्का स्थितिको अनुभव गराउँछ। बुद्धिको निर्णय शक्तिले पनि यस्तो निर्णय गर्छ, मानौं केही गरेकै छैन र कुनै पनि संस्कारले आफूतिर आकर्षित गर्दैन। जसरी बाबाको संस्कारले कार्य गरिरहेको छ। यी जुन मन-बुद्धि-संस्कार, सूक्ष्म शक्ति छन्, तीनमा लाइट (हल्का), अनुभव गर्छौ। स्वत: नै सबैको दिलबाट, मुखबाट यही निस्किरहन्छ– जस्तो बाबा, त्यस्तै बच्चाहरू न्यारा र प्यारा छन् किनकि समय अनुसार बाहिरको वातावरण दिन प्रतिदिन अझै भारी हुँदै जानेछ। जति नै बाहिरको वातावरण भारी हुन्छ, त्यति नै अनन्य बच्चाहरूको संकल्प, कर्म, सम्बन्ध लाइट (हल्का) हुँदै जान्छ र यस लाइटनेसको कारण सारा कार्य लाइट चलिरहन्छ। तमोप्रधान हुनाले अझै भिन्न-भिन्न प्रकारले वायुमण्डलमा भारीपनको अनुभव गर्नेछन्। प्रकृतिको पनि भारीपन हुन्छ। मनुष्यात्माहरूको वृत्तिमा पनि भारीपन हुन्छ। यसको लागि पनि हल्कापनले अरूलाई पनि हल्का बनाउँछ। अच्छा, सबै ठीक चलिरहेको छ नि। कारोबारको प्रभाव तिमीहरूमाथि पर्दैन। तर तिम्रो प्रभाव कारोबारमा पर्छ। जे पनि गर्छौ, सुन्छौ तिम्रो हल्कापनको स्थितिको प्रभाव कार्यमा पर्छ। कार्यको हलचलको प्रभाव तिमीहरूमाथि आउँदैन। अचल स्थितिले कार्यलाई पनि अचल बनाइदिन्छ। सबै रीतिले असम्भव कार्य सम्भव र सहज भइरहेका छन् र भइरहनेछन्। अच्छा।

दोस्रो मुरली:– "अव्यक्त-बापदादा" रिभाइज १०-०४-९१ मधुबन

दिलतख्तनशीन र विश्व तख्तनशीन बन्नको लागि सुख देऊ र सुख लेऊ

आज विश्वको मालिकले आफ्ना बालक सो मालिक बच्चाहरूलाई देखिरहनु भएको छ। सबै बच्चाहरू यतिबेला पनि स्वको मालिक छन् र अनेक जन्म पनि विश्वको मालिक हुन्छन्। परमात्म बालक नै मालिक बन्छन्। ब्राह्मण आत्मा अर्थात् मालिक आत्मा। यस समयमा सर्व कर्मेन्द्रियहरूका मालिक हौ, अधीन आत्मा होइनौ। अधिकारी अर्थात् मालिक हौ। कर्मेन्द्रियहरूको वशीभूत होइनौ। त्यसैले बालक सो मालिक हौ। बालकपनको पनि ईश्वरीय नशा अनुभव गर्छौ र स्वराज्यको मालिकपनको नशा पनि अनुभव गर्छौ। डबल नशा हुन्छ। नशाको निशानी हो– अविनाशी रूहानी खुशी। सदा आफूलाई विश्वमा खुशनसीब आत्मा सम्झन्छौ? वाह मेरो श्रेष्ठ भाग्य

अर्थात् श्रेष्ठ नसीब! खुशनसीब पनि हौ र सदा खुशीको खुराक खान्छौ र खुवाउँछौ। साथसाथै सदा खुशीको झुलामा झुलिरहन्छौ। अरूलाई पनि खुशीको महादान दिएर खुशनसीब बनाउँछौ। यस्तो अमूल्य हीरा तुल्य जीवन बनाउनेवाला हौ। बनेका छौ या अब बन्नु छ? ब्राह्मण जीवनको अर्थ नै हो– खुशीमा रहनु, खुशीको खुराक खानु र खुशीको झुलामा रहनु। यस्ता ब्राह्मण हौ नि? खुशी सिवाय जीवनमा के नै छ र! जीवन नै खुशी हो। खुशी छैन भने ब्राह्मण जीवन होइन। खुशी रहनु नै जिउनु हो।

आज बापदादाले सर्व बच्चाहरूको पुण्यको खाता हेरिरहनु भएको थियो किनकि तिमीहरू सबै पुण्य आत्मा हौ। अनेक जन्मको लागि पुण्यको खाता जम्मा गरिरहेका छौ। सारा दिनमा कति पुण्य जम्मा गर्यौ? यो स्वयंले पनि चेक गर्न सक्छौ नि। एउटा हुन्छ दान गर्नु, अर्को हुन्छ पुण्य गर्नु। दान भन्दा पनि पुण्यको बढी महत्त्व छ। पुण्य कर्म नि:स्वार्थ सेवाभावको कर्म हो। पुण्य कर्म देखावटी हुँदैन, दिलबाट हुन्छ। दान देखावटी पनि हुन्छ, दिलबाट पनि हुन्छ। पुण्य कर्म अर्थात् आवश्यकताको समयमा कुनै आत्माको सहयोगी बन्नु अर्थात् काममा आउनु। पुण्य कर्म गर्ने आत्मालाई अनेक आत्माहरूको दिलको आशीर्वाद प्राप्त हुन्छ। केवल मुखबाट धन्यबाद वा थैंक्स भनिदैन, दिलको आशीर्वाद गुप्त प्राप्तिको रूपमा जम्मा हुन्छ। प्राप्त भएका यी परमात्म आशीर्वाद, आत्माहरूको आशीर्वादको प्रत्यक्षफलले पुण्य आत्माहरू भरपुर हुन्छन्। पुण्य आत्माको वृत्ति, दृष्टिले अरूलाई पनि आशीर्वाद अनुभव गराउँछ। पुण्य आत्माको अनुहारमा सदा प्रसन्नता, सन्तुष्टताको झलक देखिन्छ। पुण्य आत्मा सदा प्राप्त भएका फलको कारण अभिमान र अपमानदेखि टाढा रहन्छ किनकि ऊ भरपुर बादशाह हो। अभिमान र अपमानदेखि बेफिक्र बादशाह हुन्छ। पुण्य आत्मा पुण्यको शक्तिद्वारा स्वयंको हर संकल्प, हर समयको हलचललाई, हर कर्मलाई सफल गर्नेवाला हुन्छन्। पुण्यको खाता जम्मा हुन्छ। जम्माको निशानी हो– व्यर्थको समाप्ति। यस्तो पुण्य आत्मा विश्वको राज्यको तख्तनशीन बन्छ। आफ्नो खातालाई चेक गर– यस्तो पुण्य आत्मा कहाँसम्म बनेको छु? यदि सबै पुण्य आत्मा हौ भनेर सोधिएमा सबैले हौं भन्छौ नि। हौ पनि सबै पुण्य आत्मा। तर नम्बरवार हौ कि सबै नम्बरवन हौ? नम्बरवार छौ नि। सत्ययुग-त्रेताको विश्वको तख्तमा कति जना बस्नेछन्? सबै सँगै बस्छौ? त्यसैले नम्बरवार हौ नि। नम्बर किन बन्छ– कारण के हो? एउटा विशेष कुरा बापदादाले बच्चाहरूको चेक गर्नुभयो र त्यही कुराले नम्बरवन बन्नमा रोकावट गर्छ। अहिले तपस्या वर्षमा सबैको लक्ष्य सम्पूर्ण बन्ने छ या नम्बरवार बन्ने छ? सम्पूर्ण बन्नु छ नि। तिमीहरू सबैले एउटा स्लोगन भन्छौ र लेखेर पनि प्रदर्शन गर्छौ। त्यो स्लोगन हो– सुख देऊ र सुख लेऊ। न दु:ख देऊ, न दु:ख लेऊ। यो स्लोगन पक्का छ? रिजल्टमा के देखें? दु:ख नदेऊ– यसमा त धेरैजसोको अटेन्शन छ। तर आधा स्लोगन ठीक छ। दिनको लागि सोच्छन्, दिनु छैन। तर लिनको लागि भन्छन्– उसले दियो त्यसैले दु:ख भयो। यसले यो भन्यो, उसले यो भन्यो, त्यसैले यो भयो। यस्तो जजमेन्ट दिन्छौ नि। आफ्नै वकिल बनेर केसमा यही बताउँछौ। आधा स्लोगनमाथि अटेन्शन ठीक छ, अझै हुनु पनि पर्छ, अन्डरलाइन। फेरि पनि आधा स्लोगनमा अटेन्शन छ तर जुन आधा स्लोगन छ, त्यसमा अटेन्शन नाम मात्र छ। उसले दियो तर तिमीले लियौ किन? लेऊ भनेर तिमीलाई कसले भन्यो? बाबाको श्रीमत छ र– दु:ख लेऊ, झोली भर दु:खले। न दु:ख देऊ, न दु:ख लेऊ, अनि मात्र पुण्य आत्मा बन्छौ, तपस्वी बन्छौ। तपस्वी अर्थात् परिवर्तन, उसको दु:खलाई पनि तिमीले सुखको रूपमा स्वीकार गर। परिवर्तन गर, तब भनिन्छ तपस्वी। ग्लानिलाई प्रशंसा सम्झ, तब भनिन्छ पुण्य आत्मा। जगत अम्बा माँले सदैव सबै बच्चाहरूलाई यही पाठ पक्का गराउनुभयो– गाली गर्ने या दु:ख दिने आत्मालाई पनि आफ्नो रहमदिल स्वरूपद्वारा, रहमको दृष्टिले हेर। ग्लानिको दृष्टिले होइन। उसले गाली गरोस्, तिमीले फूल चढाऊ तब भनिन्छ पुण्य आत्मा। ग्लानि गर्नेलाई दिलैदेखि गला लगाऊ। बाहिरबाट गला लगाउने होइन, तर मनैदेखि। पुण्यको खाता जम्मा हुनमा यही कुरा विघ्न रूप बन्छ। मलाई दु:ख लिनु पनि छैन। दिनु त छँदै छैन, तर लिनु पनि छैन। जब राम्रो चीज छैन भने फेरि किचडा लिएर जम्मा किन गर्छौ? जहाँ दु:ख लियौ, किचडा जम्मा भयो, किचडाबाट के निस्कन्छ? पापको अंश रूपी किटाणु। अहिले मोटो पाप त गर्दैनौ नि। अझै पापको अंश रहेको छ। तर अंश पनि हुनु हुँदैन। कति बच्चाहरूले धेरै मीठो-मीठो कुरा सुनाउँछन्। रूहरिहान त सबैले गर्छौ हैन? एक स्लोगन त सबैलाई पक्का भएको छ– "चाहेको त थिइन, तर भयो...।" जब तिमीले चाहँदैनौ भने अरू कसले चाहन्छ त? जुन भन्छौ, हुन गयो! त्यसोभए अरू कुनै आत्मा छ! हुनु हुँदैन, तर हुन्छ– यो कुरा कसले भन्छ? अर्को कुनै आत्माले भन्छ कि तिमीले भन्छौ? यी कुराको कारणले तपस्यालाई सिद्ध गर्न सक्दैनौ। जे हुनु हुँदैन, जे गर्न चाहँदैनौ, त्यो नहुनु नै, नगर्नु नै पुण्य आत्माको निशानी हो। बापदादाको पासमा दिनहुँ बच्चाहरूका अनेक यस्ता कथाहरू आउँछन्। बोल्दा यति रोचक कथाहरू बनाएर सुनाउँछन्, जुन सुनिरहनु पर्छ। कसैको लामो कथा सुनाउने बानी छ, कसैको

छोटो सुनाउने। तर कथा धेरै बताउँछन्। आज यस वर्षको मिलनको अन्तिम डुब्की (टुब्बी) हो नि। सबै डुब्की लगाउन आएका हौ नि। भक्ति मार्गमा पनि डुब्की लगाउँदा कुनै न कुनै संकल्प अवश्य गर्छन्, चाहे केही स्वाहा गर्छन्, चाहे केही स्वार्थ राख्छन्। दुवैमा संकल्प गर्छन्। त्यस्तै तपस्या वर्षमा यो संकल्प गर– सारा दिन संकल्पद्वारा, बोलीद्वारा, कर्मद्वारा पुण्य आत्मा बनेर पुण्य गर्नेछु र पुण्यको निशानी बताइयो– पुण्यको प्रत्यक्षफल हो हर आत्माको आशीर्वाद। हर संकल्पमा पुण्य जम्मा होस्। बोलीमा आशीर्वाद जम्मा होस्। सम्बन्ध-सम्पर्कमा दिलैदेखि सहयोगको धन्यवाद निस्कियोस्– यसलाई भनिन्छ तपस्या। यस्तो तपस्या विश्व परिवर्तनको आधार बन्छ। यस्तो रिजल्टमा प्राइज मिल्नेछ। फेरि कथा नसुनाउनु– यस्तो भयो...! त्यसो त पहिलो नम्बरको प्राइज सबै टिचरहरूले लिनुपर्छ र साथमा मधुबन निवासीहरूले लिनुपर्छ किनकि मधुबनको लहर, निमित्त टिचरहरूको लहर प्रवृत्तिमा रहनेहरूसम्म, गड्ली स्टुडेन्टहरूसम्म सजिलै पुग्छ। त्यसैले तिमीहरू सबैको नम्बर अगाडि त हुन्छ नै। अब हेर्नेछु– कस-कसको नाम प्राइजमा आउँछ? टिचरहरूको आउँछ या मधुबन निवासीहरूको या गड्ली स्टुडेन्टहरूको आउँछ? डबल विदेशीले पनि तीव्र पुरुषार्थ गरिरहेका छन्। बापदादासँग प्राइज धेरै छन्, जति चाहयौ लिन सक्छौ। प्राइजको कमी छैन। भण्डार भरपुर छ। अच्छा!

तिमीहरू सबै मेलामा आइपुग्यौ। मेला राम्रो लाग्यो कि कष्ट भयो? पानीले पनि स्वागत गर्यो, प्रकृतिको पनि तिमीसँग प्यार छ। आत्तिएनौ नि? ब्रह्माभोजन त राम्रो मिल्यो नि। ६३ जन्म त धक्का खाएका छौ। अहिले त ठेगाना मिल्यो नि। तीन पाउ पृथ्वी त मिल्यो नि। जुन यति ठूलो हल बनाएका छौ, त्यस हलको पनि शोभा बढायौ नि। हललाई सफल गर्यौ नि। कसैलाई पनि कष्ट त भएन नि। तर यस्तो मेला नगरिरहनु। रचनाको साथमा साधन पनि साथमा आउँछन्। अच्छा!

सर्व बालक सो मालिक श्रेष्ठ आत्माहरूलाई, सदा हर कदममा पुण्यको खाता जम्मा गर्ने पुण्य आत्माहरूलाई, सदा दिलतख्तनशीन र विश्वको तख्त अधिकारी विशेष आत्माहरूलाई सदा सुख दिने र सुख लिने मास्टर सुखका सागर आत्माहरूलाई, सदा खुशीमा रहने र खुशी दिने मास्टर दाता बच्चाहरूलाई बापदादाको यादप्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

दादीहरूसँग:– बापदादाले देख्नुभयो– सबै महारथीहरूले दिलैदेखि सबैलाई शक्तिशाली बनाउने सेवा धेरै राम्रो गर्यौ। यसको लागि धन्यबाद त के भनौं तर तिमीहरूको खाता धेरै जम्मा भयो। धेरै ठूलो खाता जम्मा भयो। बापदादा महावीर बच्चाहरूको हिम्मत र उमंग-उल्लास देखेर पदमगुणा भन्दा पनि बढी हर्षित हुनुहुन्छ। हिम्मत राखेका छौ, संगठन सदा स्नेहको सूत्रमा रहेको छ। त्यसैले यसको सफलता हुन्छ। संगठन मजबुत छ नि! सानो माला मजबुत छ। कंगन त बनेको छ। माला त बनेको छैन, कंगन त छ नि। त्यसैले सानो माला पनि पुजिन्छ। ठूलो राम्रो तयार भइरहेको छ, त्यो पनि हुन्छ, हुनु नै छ। सुनाइएको थियो नि– ठूलो मालाको दाना तयार छन् तर दानासँग दाना मिल्नमा थोरै मार्जिन छ। सानो माला राम्रो तयार भएको छ, यसै मालाको कारण नै सफलता सहज छ र सफलता सदा मालाका दानाहरूको गलामा उनिएको छ। विजयीको तिलक लागेको छ। बापदादालाई खुशी छ, पदमगुणा बधाई छ। निमित्त त तिमीहरू हौ नि। बाबा त गराउनेवाला हुनुहुन्छ। गर्नेवाला को हो? गर्नको लागि निमित्त तिमी हौ, बाबा त ब्याकबोन हुनुहुन्छ, त्यसैले धेरै राम्रो प्रीतिको रीति पनि निभायौ र पालनाको रीति पनि राम्रो निभायौ। अच्छा!

वरदान:– राम्रो संकल्परूपी बीजद्वारा राम्रो फल प्राप्त गर्ने सिद्धि स्वरूप आत्मा भव

सिद्धिस्वरूप आत्माको हर संकल्प स्वयंप्रति वा अन्यप्रति सिद्ध हुन्छन्। उसलाई हर कर्ममा सिद्धि प्राप्त हुन्छ। उसले जे बोल्छ त्यो सिद्ध हुन्छ त्यसैले सत् वचन भनिन्छ। सिद्धि स्वरूप आत्माको हर संकल्प, बोली र कर्म सिद्धि प्राप्त गर्ने हुन्छन्, व्यर्थ जाँदैन। यदि संकल्परूपी बीज धेरै राम्रो छ तर फल राम्रो निस्किएन भने दृढ धारणाको धरती ठीक छैन वा अटेन्सनको परहेजमा कमी छ।

स्लोगन:– दु:खको लहरबाट मुक्त हुनु छ भने कर्मयोगी बनेर हर कर्म गर।

सूचना:– आज अन्तर्राष्ट्रिय योग दिवस हो।